REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 05.07.2026

1. Sikkim CEO - Electoral Roll Revision/Vishnu Neopaney

सिक्किम निर्वाचन विभागले विशेष गहन संशोधन (SIR) अन्तर्गत जारी गरिएका करिब ९० हजार सूचनालाई अन्तिम निर्णय नभई प्रमाणीकरण प्रक्रियाको हिस्सा भएको स्पष्ट गरेको छ। मुख्य निर्वाचन अधिकृत राजकुमार यादवका अनुसार मस्यौदा मतदाता नामावलीमा करिब चार लाख तेतीस हजार मतदाता समावेश छन् भने लगभग ३७ हजार नाम अस्थायी रूपमा हटाइएका छन्। सूचना प्राप्त गरेका मतदाताले आफ्नो योग्यता पुष्टि गर्न सम्बन्धित निर्वाचन दर्ता अधिकारी समक्ष आवश्यक कागजात पेश गर्ने अवसर पाउनेछन्। २००२ को आधारभूत मतदाता नामावलीमा नाम नभएका तथा नाम, थर वा अन्य विवरणमा फरक देखिएका मतदातालाई प्रमाणीकरणका लागि सूचना पठाइएको हो। निर्वाचन विभागले योग्य मतदातालाई आवश्यक कागजातसहित फारम–६ बुझाउन आग्रह गर्दै जुलाई ११, १२, २५ र २६ मा विशेष प्रमाणीकरण शिविर सञ्चालन गर्ने जनाएको छ। अन्तिम मतदाता नामावली सेप्टेम्बर ६ मा प्रकाशित हुनेछ। यसअघि मतदाताले मुख्य निर्वाचन अधिकृतको वेबसाइट वा आफ्नो BLO मार्फत नामावलीमा रहेको विवरण जाँच गरी आवश्यक संशोधन गर्न सक्नेछन्।

2. Cooperation Department/

सहकारी सप्ताह समारोह २०२६ को एक भागको रूपमा, सहकारी विभागले "हरित सहकारी दिवस" भन्ने मूल नारासहित छैटौं दिन राज्यव्यापी विरुवा रोपण अभियान सञ्चालन गरी मनाएको छ। सहकारी विभागको मुख्यालय र सबै जिल्ला कार्यालयहरूमा विरुवा रोपण अभियान मनाइएको थियो। विभागका अधिकारीहरू, विभिन्न सहकारी संस्थाका सदस्यहरू र अन्य हितधारकहरूले वातावरण संरक्षण र दिगो विकासप्रति आफ्नो सामूहिक प्रतिबद्धता प्रदर्शन गर्दै सक्रिय रूपमा भाग लिएका थिए। राज्यव्यापी

अभियानअन्तर्गत बासट्ठी वटा सहकारी संस्थाहरूको सक्रिय सहभागितामा कुल चार हजार पाँच सय बिरुवा रोपिएका छन्। यस कार्यक्रमले हरित क्षेत्र विस्तार गर्न र समुदायमा वातावरण संरक्षणप्रति जनचेतना जगाउन महत्वपूर्ण योगदान पुर्‍याएको छ।

3. Lions Club- Ranipool –Hongkong/

लायन्स क्लब अफ रानीपुलका आठ सदस्यहरूले आज हङकङमा आयोजित लायन्स अन्तरराष्ट्रिय महाधिवेशनमा सहभागिता जनाएका छन्। सहभागीहरूले महाधिवेशनमा विश्वभरका लायन्स क्लबहरूले सञ्चालन गरिरहेका सामाजिक सेवाका विविध गतिविधिहरूबारे जानकारी प्राप्त गर्नु अत्यन्त प्रेरणादायी अनुभव भएको बताएका छन्। महाधिवेशनका क्रममा विश्वभरका लायन्स क्लबहरूले न्यून स्रोत–साधनको प्रभावकारी उपयोग गर्ने सन्दर्भमा विभिन्न अध्ययनहरू प्रस्तुत गरेका थिए। महाधिवेशनमा लायन्स क्लब अफ रानीपुलका निवर्तमान पूर्व अध्यक्ष डा. एल. पी. शर्मालगायत अन्य सात सदस्य रहेका थिए।

4. Special Olympics Bharat, Sikkim Chapter/

सिक्किममा समावेशी खेलकुदको प्रवर्द्धन गर्ने दिशामा महत्वपूर्ण कदम चाल्दै विशेष ओलम्पिक्स भारत–सिक्किम च्याप्टरले हिजो खेलकुद तथा युवा मामिला विभागको अध्यक्षको कार्यालयबाट चार जना प्रशिक्षकलाई नागाल्याण्डको दिमापुरमा आयोजना हुने विशेष ओलम्पिक्स भारतअन्तर्गत समावेशी खेलकुदसम्बन्धी प्रशिक्षण कार्यक्रममा सहभागी हुन औपचारिक रूपमा बिदाइ गरेको छ। प्रशिक्षणका लागि प्रस्थान गर्ने प्रशिक्षकहरूमा एकलव्य छेत्री, चन्द्र माया दास, डोमा शेर्पा तथा महेश पोखरेल रहेका छन्।

बिदाइ कार्यक्रम विशेष ओलम्पिक्स भारत–सिक्किम च्याप्टरका अध्यक्ष रिन्जिङ ओङ्गेल छोपेलको अध्यक्षतामा सम्पन्न भएको थियो। बिदाइ कार्यक्रमपछि सम्पन्न भएको उच्चस्तरीय बैठकमा अन्तर-जिल्ला फुटसल प्रतियोगिता अनि त्यसपछि सिक्किम फुटसल संघ (FAS) सँगको सहकार्यमा राज्यस्तरीय फुटसल प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरेको छ। बैठकमा शिक्षा विभागका सचिव टाशी छोपेलले विशेष आवश्यकता भएका बालबालिकालाई मध्यनजर राख्दै विद्यालयहरूमा समावेशी खेलकुद र फुटसल कार्यक्रम सञ्चालन गर्न शिक्षा विभागबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

5. SDM Chungthang Inspects Landslide Site at Teeling, Lachung /Wangchuk Bhutia

चुङथाङका एसडीएम अरुण छेत्रीले लाचुङको तिलिङमा हालै गएको पहिरोको स्थितिको समीक्षा गर्न स्थलगत भ्रमण गर्नुभयो। लाचुङ जुम्साका पिपोनसँगै एसडीएमले प्रभावित क्षेत्रको विस्तृत निरीक्षण गरी क्षतिग्रस्त सडकको पुनर्स्थापना गर्न सम्बन्धित अधिकारीहरूलाई निर्देशन दिनुभयो।

6. Weather Report/

मौसम विभागले आज सिक्किमभर सामान्यतया आकाश बदली रहने र केही स्थानमा चट्याङसहित मेघगर्जन हुन सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ। आज अधिकतम तापक्रम २५ डिग्री सेल्सियस र न्यूनतम तापक्रम १८ डिग्री सेल्सियस मापन गरियो। विभागले भोलि राज्यमा सामान्यतया आकाशमा बदली रहने र एकाध स्थानमा मेघगर्जनसहित पानी पर्ने सम्भावना जनाएको छ। भोलि अधिकतम तापक्रम २६ डिग्री सेल्सियस र न्यूनतम तापक्रम १८ डिग्री सेल्सियस रहने पूर्वानुमान गरिएको छ।